(अन्नपूर्ण पोष्ट

# जडीबुटी संरक्षण, विकास तथा बजारीकरणबाट गरिबी निवारण

अन्नपूर्ण समाचारदाता

**नगरकोट,** २० असार : देशमा रहेका जडीबुटीको संरक्षण, विकास र बजारीकरणबाट मात्र गरिबी निवारण सम्भव रहेको छ।

गैरसरकारी संस्था एनसाबको संयोजनमा आयोजित गैरकाष्ठ वन पैदावरसम्बन्धी राष्ट्रिय नीति निर्माणसम्बन्धी दुईदिने कार्यशाला गोष्ठीमा सहभागी विज्ञहरूले सो धारणा व्यक्त गरेका हुन्।

नेपालमा पाइने दुर्लभ जडीबुटीहरूले बजार नपाएको र अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गर्न सके दुर्गम क्षेत्रका बासिन्दाहरूको जीवनस्तर उकास्न मद्दत मिल्ने सहभागी विज्ञहरूले बताए।

वन विभागका डा. केशरराज कँडेलले १६ वटा जिल्लामा संरक्षण गरिएको जडीबुटी खेतीलाई विस्तार गर्नुपर्ने र व्यवसायीकरण गर्नुपर्ने बताउनुभयो।

नीति निर्माण भइरहन्छन् लागू गर्न कठिनाई छ, सरकारी बाध्यता पनि बुझिदिनुपर्छ, कँडेलले भन्नुभयो।

हिमाली जडीबुटी सरोकार समूहका अध्यक्ष मोहन बानियाँले दुर्लभ जडीबुटी खेर गइरहेको छ, सरकार मौन छ, यसैले दुर्गम भेकका बासिन्दा दुःखी जीवनयापन गर्न विवश छन् भन्नुभयो।

सामुदायिक वन उपभोक्ता महासंघका सल्लाहकार हरि न्यौपानेले वन विकास गुरुयोजना र २०४९ सालमा बनेको वन ऐनले जडीबुटी संरक्षण, प्रवर्द्धन र बजारीकरणमा कुनै भूमिका नखेलेकाले ऐन र गुरुयोजना नै गलत रहेको टिप्पणी गर्नुभएको थियो।

अमेरिकी सहयोग नियोग युएसआइडीका प्रतिनिधि विज्ञान आचार्यले आम्दानीको स्रोत निर्माण गर्न गैरकाष्ठ वन पैदावर सफल नभइरहेको बेला अब आउने नीतिले छरिएर रहेका सबै खाले गैरकाष्ठ वन पैदावरहरूको बजारीकरण र विकासमा सबैको ध्यान जानु जरूरी रहेको बताउनुभयो।

नेपालमा वैज्ञानिक पद्धतिबाट जडीबुटीको खेती कम भएको र जंगलमा गई खोजिएको जडीबुटी सस्तो मोलमा बेचिदा राजस्व संकलनमा यसले ठूलो असर पुर्‍याएको छ।

स्थानीय बिक्रेताहरूले संकलित जडीबुटी अन्तर्राष्ट्रिय बजारमा ठूलो रकममा बेचेर राजस्वमा नोक्सानी पुर्‍याएको, स्थानीय जनताको श्रम र आर्थिक शोषण भएको विज्ञहरूले बताएका छन्। यो प्रक्रिया नरोक्ने हो भने यसले अझै गम्भीर समस्या उब्जाउने पनि विज्ञहरूले बताए।

बीस हजार रुपैयाँमा किनेको एक किलो जडीबुटी राजस्व नतिरी अन्तर्राष्ट्रिय बजारमा प्रतिकिलो एक लाख रुपैयाँमा बेच्ने गैरकानुनी धन्दाहरू भइरहेकाले यसलाई रोक्न सके स्थानीय बासिन्दाले महत्त्वपूर्ण राहत पाउने विज्ञहरूले औँल्याए। तस्करहरूको हाली मुहाली बढ्न थालेपछि स्थानीय बासी चिन्तित बन्न थालेका हुन्।

यसबाहेक सामुदायिक वनको विकास भइरहेको वर्तमान परिप्रेक्ष्यमा सामुदायिक वन उपभोक्ताहरूलाई यसतर्फ आकर्षण गर्न सके थप आयआर्जनको बाटो खुल्ने र यिनै कानुनी र व्यावहारिक कठिनाइ छल्न सके गैरकाष्ठ वन पैदावर नीतिको आवश्यकता रहेका धारणा सहभागीहरूले व्यक्त गरेका थिए।

स्थानीय बासिन्दाको अधिकारको पहुँच बढाउने नीति आवश्यक रहेको कार्यशालामा सहभागी विज्ञहरूले बताएका छन्।

२९, असार, २०६० / July-5-003, Saturday